नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय काठमाडौं
बबरमहल, काठमाडौं, नेपाल

प.सं
च.नं.

## सार्वजनिक स्थानमा धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन नगर्ने, नगराउने सम्बन्धी अत्यन्त जरुरी सूचना !

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) ऐन, २०६८ को दफा ४ अनुसार सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्न नहुने कानूनी व्यवस्था गरेको छ । यस सम्वन्धमा देहाय वमोजिम जरुरी सूचना जारी गरिएको छ ।

१. पार्क, सरकारी कार्यालय, शिक्षण संस्था, सार्वजनिक सवारीसाधन, विमानस्थल, सार्वजनिक शौचालय, चलचित्रघर, रङ्गशाला, धार्मिकस्थल, प्रतिक्षालय लगायतका सार्वजनिक स्थानमा धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन नगर्ने,नगराउने ।

२. स्वास्थ्य संस्था, वाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको पसलवाट सूर्तिजन्य पदार्थ विक्री वितरण नगर्ने,नगराउने ।

३. अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ वितरण नगर्ने, नगराउने ।

४. सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ सेवन गरी, गराई यस सूचनाको पालना नगरेमा उक्त ऐनको दफा १७ वमोजिम कडा कारवाही गरिने व्यहोरा जानकारी गराईन्छ ।

५. सार्वजनिक स्थलमा धुम्रपान तथा सर्तिजन्य पदार्थको सेवन नगर्ने, नगराउने कार्यमा सुरक्षाकर्मी, सामुदायिक संस्था तथा आमनागरिकवाट आवश्यक जागरुकता, सचेतना र सहकार्य गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

(खड्ग बहादुर श्रेष्ठ)
सहायक प्रमुख जिल्ला अधिकारी